स्थानीय सरकार

# रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

**शोक विदा सम्बन्धमा।**

मिति २०८२ साल भाद्र २३ गतेका दिन काठमाण्डौ लगायत विभिन्न जिल्लाहरुमा जेनजी पुस्ताले गरेको शान्तिपूर्ण प्रदर्शनका क्रममा अप्रत्याशित र अकल्पनीय रुपमा ठुलो सङ्ख्यामा युवा नागरिकहरुको निधन भएको घटनाले हामीलाई स्तब्ध तुल्याएको छ।

घटनामा ज्यान गुमाएका मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति गहिरो समवेदना र सहानुभूति व्यक्त गर्दछौँ। घाइतेहरूको तत्काल उपचारका लागि नेपाल सरकारलाई आग्रह गर्दै शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछौँ।

वर्तमान विषम परिस्थितिलाई ध्यानमा राखेर शान्ति र संयमपूर्वक समस्याको निकास निकाल्न नेपाल सरकारसँग अपिल गर्दछौँ। उक्त घटनामा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै मिति २०८२ साल भाद्र २४ गते मंगलवारका दिन यस कार्यालयका अतिरिक्त मातहातका वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्थाहरु एवम् सम्पूर्ण संघ संस्थाहरुमा शोक विदा दिने निर्णय भएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मितिः २०८२।०५।२३

धनपत यादव
नगर प्रमुख

कार्यालय फोनः: +९७७ ०७८ ५२०६८४, ५२०२७६, दमकलः १०१, +९७७ ७८ ५२०८७४
इमेलःinfo@ramgrammun.gov.np, municipalityramgram@gmail.com,वेबसाईटः www.ramgrammun.gov.np